नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सुनसरी, ईनरुवा

गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सुनसरी,इनरुवा

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

## जिल्ला प्रशासन कार्यालय, सुनसरीबाट जारी हातहतियार इजाजतपत्र (लाइसेन्स) नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना:

हातहतियार इजाजतपत्र (लाइसेन्स) को नवीकरण सम्बन्धमा हातहतियार तथा खरखजाना नियमावली, २०२८ (दशौं संसोधन समेत) को नियम १०क र नियम १७ को उपनियम ५(क) मा भएको तपसिल बमोजिमको व्यवस्था रहेको सम्बन्धित सबैलाई जानकारी गराइन्छ। उल्लेखित व्यवस्था समेतका आधारमा हातहतियार खरखजानाको इजाजतपत्र नवीकरण गर्ने म्याद नाघेका इजाजतपत्रवाला र हातहतियार खरखजानाको नामसारी गराउन छुट भएका व्यक्तिहरुले अन्तिम एक पटकको लागि नवीकरण वा नामसारी हुन नसकेको मनासिब कारण देखाई **२०७८ पुष मसान्तसम्म जिल्ला प्रशासन कार्यालय, सुनसरीमा** आई इजाजतपत्र नवीकरण तथा नामसारी गराउनहुन अनुरोध गरिन्छ। उक्त म्यादभित्र समेत नवीकरण नगराएमा इजाजतपत्र स्वत: खारेज हुने र त्यस्तो हातहतियार खरखजाना जफत हुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल:

**नियम १०क. नवीकरण सम्बन्धी विशेष व्यवस्था:** (१) नियम १० को उपनियम २ को खण्ड (ग) मा तोकिएको म्यादभित्र विशेष परिस्थिति पर्न आई इजाजतपत्र नवीकरण गर्न नसकेको कारण खोली इजाजतपत्रवालाले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएमा उक्त म्याद नाघेको मितिले देहायको अवधिको लागि नियम १० बमोजिम लाग्ने दस्तुरको अतिरिक्त देहायबमोजिम थप दस्तुर लिई नवीकरण गर्न सक्नेछ।

क) एक वर्षसम्म – पाँच सय रुपैया

ख) दुई वर्षसम्म – एक हजार रुपैया

ग) तीन वर्षसम्म - एक हजार पाँच सय रुपैया

घ) चार वर्षसम्म – दुई हजार रुपैया

ङ) पाँच वर्षसम्म – दुई हजार पाँच सय रुपैया

(१क) उपनियम १ को खण्ड (ङ) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण गराउन नसकेका इजाजतपत्रवालाले नवीकरण हुन नसकेको मनासिब कारण देखाई **अन्तिम एक पटकको लागि संवत् २०७८ साल पुष मसान्तभित्र निवेदन दिएमा** नियम १० बमोजिम लाग्ने दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षका लागि दुई हजार पाँच सय रुपैया थप दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ।

(२) उपनियम १क मा तोकिएको म्यादभित्र पनि इजाजतपत्र नवीकरण गर्न नसकेमा सो इजाजतपत्र स्वत: खारेज हुन्छ र त्यस्तो हातहतियार खरखजाना जफत हुनेछ।

**नियम १७ को उपनियम ५क:** उपनियम ५ मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ हुँदाका बखत कुनै हातहतियार खरखजानाको नामसारी गराउन छुट भएको भए अन्तिम एक पटकका लागि संवत् २०७८ साल पुष मसान्तसम्म मनासिब कारण देखाई निवेदन दिएमा प्रत्येक आर्थिक वर्षका लागि दुई हजार पाँच सय रुपैया नामसारी दस्तुर दिई नामसारी गरिनेछ।

२०७८/०७/०९

सहायक प्रमुख जिल्ला अधिकारी

मिति: २०७८/०७/०९